जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ३५, २०८१ चैत २८ गते विहीबार, 10 April 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

कोन्ज्योसोममा अस्पताल बन्यो

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले ललितपुरको कोन्ज्योसोम गाउँपालिकामा निर्माण भएको शंखु अस्पतालको भवन उद्घाटन गरेका छन् । प्रदेशका अधिकांश पालिकाहरुमा आधारभूत अस्पताल स्थापना भइसकेको जानकारी दिँदै, अब त्यहाँ आवश्यक मेडिकल सामग्री तथा जनशक्ति व्यवस्थापनमा ध्यान दिनुपर्ने मन्त्री श्रेष्ठले बताए । भवन मात्र भएर नहुँने बताउँदै मन्त्री श्रेष्ठले चिकित्सकलगायतका अन्य कर्मचारी, उपकरण र सेवा प्रदान गर्ने प्रणाली पनि सँगै हुनुपर्ने बताए।

कोभिड १९ महामारीको समयमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा सुरू भएको यो अस्पताल स्थापनाको अभियानलाई निरन्तरता दिँदै मन्त्री थापाले सबै तह संघ, प्रदेश र स्थानीय एकै साथ लाग्नुपर्ने आवश्यकता औंल्याए । “पालिकाहरुबाट चिकित्सक, स्टाफ नर्सलगायत आवश्यक स्वास्थ्यकर्मी र उपकरणको माग भइरहेकै छ। यसलाई सम्बोधन गर्न प्रदेश सरकारले ११९ तहका अस्पताललाई सहयोग गर्ने गरी योजना बनाएको छ,” मन्त्री थापाले भने ।

सबै सुविधा तुरून्त उपलब्ध हुन नसक्ने भए पनि टेलिमेडिसिन सेवाको माध्यमबाट दुर्गम क्षेत्रमा समेत स्वास्थ्य सेवा विस्तार गर्ने योजनामा सरकार अग्रसर रहेको उनले जानकारी दिए। स्थानीय तहबाट सुरू भएको यो प्रयासलाई सुदृढ पार्न प्रदेश सरकारको थप सहकार्य आवश्यक रहेको स्थानयहरूले बताएका थिए। मन्त्री थापाले निकट भविष्यमा स्वास्थ्य सेवा गुणस्तरीय र पहुँचयोग्य बनाउन थप कार्यक्रमहरु ल्याइने प्रतिवद्धता व्यक्त गरे । अस्पताल बनाउन स्थानीय विष्णुमाया बोम्जनले ३ रोपनी जग्गा दान गरेकी थिइन् । थप १ रोपनी सरकारी जग्गा र ३ रोपनी जग्गा विष्णुमायाको नातिहरू मरिचमान र किशोर बोम्जनसँग १६ लाखमा खरिद गरिएकोसहित ६ रोपनीमा अस्पताल निर्माण गरीएको थियो । २०७८ भदौ २३ गते निर्माण कम्पनीसङ्ग १३ करोड ८१ लाख रूपैयाँ निर्माण सम्झौता गरी काम शुरू भएको थियो ।

बालबालिकालाई श्रममा हैन विद्यालय पठाऔं

१८ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउनु कानुनी अपराध हो । हेटौंडा उपमहानगरपालिका बालमैत्री स्थानीय शासनयुक्त घोषणा भइसकेकोले सबैले बालमैत्री शासनको सुचाङ्कको पूर्ण पालना गरौ । उपमहानगर पालिका क्षेत्रभित्र रहेका होटेल, बार, रेस्टुरेन्ट, घर, यातायात, निर्माण सेवालगायतका विभिन्न क्षेत्रमा गैरकानुनी रुपमा बालबालिकालाई श्रममा लगाइएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै कहीं कतै बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाएको वा कानुनले तोके बमोजिमका विशेष संरक्षणको आवश्यकता भएका कुनै पनि बालबालिका वा जीविकोपार्जनमा अत्यन्तै समस्यामा परी श्रममा आउन बाध्य भएको पाइएमा तुरून्त खबर गरि उद्धारमा सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

वडा अध्यक्ष फूर्वा दोर्जे लामा

१० नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर



द्वन्द्वको पीडाले तर्साइरहन्छ

○ सहीखबर संवाददाता

मकवानपुर । ***घटना क*** : “विवाह गरेको १६ महिना भएको थियो । म त्यो बेला २३ वर्ष भर्खरै लागेको थिएँ । २०६० साल माघ महिनाको त्यो रात, ११ बजेको थियो, ४ महिनाकी छोरी च्यापेर ओछ्यानमा पल्टेको मात्रै थिएँ ।

श्रीमान् अघिल्लो दिनदेखी नै घरमा हुनुहुन्नथ्यो । अज्ञात समूहले अपहरण गर्‍यो रे भन्ने हल्ला टोलभरी थियो, मन बेस्सरी आत्तिरहेको थियो । ४ महिनाको बच्चा लिएर कता जानु, आत्तिएर मात्रै बसेको थिएँ। उजुरी गर्न पनि कहाँ जानु प्रहरीमा जाउँ माओवादीको डर, माओवादीमा जाउँ प्रहरीको । एक्कासी ढोकामा लात्ताले हानेको जस्तो आवाज के सुनेको थिएँ, ४/५ जना मेरो ओछ्यानमै आइपुगे। मलाई ओछ्यानबाटै थुतेर कतै लग्यिो, ४ दिनपछि थाहा भयो त्यो स्थान तत्कालिन गाविस भवन रहेछ । जुन मेरो घरभन्दा अन्दाजी ३ किलोमिटर पर थियो ।

मलाई त्यहाँको अध्यारो कोठामा थुनेर राखियो । दिन हो की रात मलाई थाहा भएन, एकदमै आत्तिएको थिएँ, छोरी कति रोइन् होला ?, श्रीमान् कहाँ होलान् ?, अब म त पक्कै बाँच्दिनँ होला, भन्ने लाग्यो । आवाज निकाल्न पाइदैनथ्यो, आँखा भने तेतिज्जेल खुले थियो । तर मलाई त्यहाँ ल्याउनेहरूले के लगाएका थिए, उनीहरू को थिए अध्याँरोको कारण मैले चिन्न सकिन, उनीहरू पनि आपसमा बोलेनन् । अन्दाजी ३ घण्टापछि अर्को महिलालाई उही शैलीमा उठाएर ल्याए, त्यही अन्धकार कोठामा थुनेर राखे, उनलाई कोठामा प्रवेश गराउनु अघि मेरो आँखामा पट्टी बाँधियो । उनले सानोसानो आवाज निकालेकी थिइन, मैले आवाजमा उ को हो चिन्न सकिन, तर केटी मान्छे हो भन्ने प्रस्टै चिने । हामीलाई आपसमा बोल्न दिइएन । उनीहरू पनि खासखुस मात्रै बोलेको सुनियो, कत्ति प्रयास गर्दा पनि बोलि चिन्न सकिएन ।

केहीबेर हामीमाथि शारिरीक हिंसा भएन, सामान्य अपशब्द बोलिरहेका थिए, कुटपिट पनि गरिएको थिएन । मलाई भने ४ महिनाकी छोरीको मायाले छाति चिरीएको थियो, दुध चुसाउन नपाउदाँ यसै धारा लागेर चोली भिजिरहेको थियो । सायद मध्य रात कटेको हुँदो हो, हामीमाथि पालैपालो १५ जनाजतिले यौन शोषण गरे । मन यसै शिथिल थियो, अब शरिर पनि पुरै शिथिल भयो, अब चाँही पक्का बाँच्दिन होला, श्रीमान्लाई पनि पक्कै यिनीहरूले नै मारे होलान्, छोरीको के हालत भो होला भन्ने भयो । जीवनको सबै आशाहरू पलपल मर्दै गए ।

घण्टौंसम्म लगातार यौन शोषण गरेपछि कतिबेला छोडे थाहा भएन, होस आउँदा पनि मेरो आँखामा पट्टी यथावत नै थियो । सायद अर्को महिलाको आखाँमा पनि पट्टी हुँदोहोला। त्यो रात हामी ३ महिलामाथि दर्जनौंले बलात्कार गरे, तर ज्यूँदो बाँकी राखे । ज्यान बचेकोमा मने छोरी भेट्न पाउँछु कि भन्ने आशा पलायो । उज्यालोको किरण धर्तिमा छायो होला हामीले देख्न पाएनौ । तर जीवनको उद्धार हुन्छ कि भन्ने आशाको सानो किरण फिर्दै थियो, फेरि अर्को एक महिलालाई हामी दुई जना भएकै कोठामा ल्याइयो । त्यो रात यौन शोषणको पीडा उनले पनि खेपिन् । हामी ३ जनाले त अघिल्लो रातबाटै खेपिरहेका थियौं ।

तेस्रो रात मेरो नाम लिएर उनीहरूले भने “तेरो पोइलाई कोशीको गोहीले खाइसक्यो तँ पनि यही सड्ने हो” यो सुनेर म चिच्याउन खोजँ तर आवाज निस्केन मुखबाट । श्रीमानको हत्या गरिएको आफूमाथि यौन शोषण भएको पीडा एकातिर छ, ४ महिने छोरी स्वास्थ्यमा समस्या हुने चिन्ताले झन् सताइरहेथ्यो । गाविस भवनमा ३ रात ३ दिनसम्म रखेर कम्तिमा १५ जनाले हामी ३ जनालाई बलात्कार गरे, चुरोट सल्काएर शरिरको विभिन्न भागहरूमा झोसिदिए, त्यो पीडाले त अझैसम्म तर्साउँछ । हामी ३ जना थियौं । अरू २ जना बैनीहरू १८ र २० वर्षका रहेछन्। त्यो कुरा पछि मात्रै थाहा भयो । उनीहरू अविवाहित थिए, म छोरीको आमा ।

३ दिन ३ रात बिताएपछि हामी ३ जनालाई पालैपालो फरक फरक ठाउँमा लगेर रातको समयमा छोडियो । घरमा बसेको भेटिएमा, कतै उजुरी गरेमा फेरी यही घटना दोहोर्‍याउने धम्कि थियो । ज्यान बच्यो, तर अब कहाँ बस्ने अर्को समस्या पर्‍यो ।

द्वन्द्व चरमको बेला थियो, कसले अपहरण गर्‍यो राज्यपक्ष वा विद्रोही पक्ष म त अन्योलमै थिएँ, कहाँ कसलाई उजुरी गर्नु ? बच्चा देवरलाई छोडेर ठाढाको नाता पर्ने दिदीको घरमा शरण लिएर २१ दिन बसँ । ती बैनीहरू कहाँ बसे थाहा भएन । माओवादीले श्रीमान् मारेको भन्ने खबर आयो, अनि थाहा भयो, म पनि माओवादीको शिकार भएको रहेछु । शान्ति सम्झौतापछि अरू दुई जना बैनीहरू जसले मसँगै यौन शोषण भोगे, उनीहरूलाई पनि चिनँ ।

अहिले म द्वन्द्वमा श्रीमान् मारिएका

बाँकी पेज ४ मा

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

वन डढेलो नियन्त्रण

मकवानपुरलगायत अहिले देशको विभिन्न स्थानमा डढेलोले वन सखाप पारिरहेको छ । डढेलोले वनस्पति, वन्यजन्तु र मानव जीवनमा गम्भीर असर पुयाइरहदा यसको नियन्त्रणमा खास चासो देखाएको पाइदैन। वन विनाश, माटोको क्षयीकरण,जैविक विविधताको क्षति र वायु प्रदूषण बढाउँछ। मानवबस्ती नजिक डढेलो लाग्दा घर, सम्पत्ति र जनधनको क्षति रोक्नतर्फ ध्यानाकर्षण पुगेको छैन ।

डढेलो व्यवस्थापनका लागि पूर्व तयारी सबैभन्दा महत्वपूर्ण हुन्छ। वन क्षेत्रमा अग्नि नियन्त्रण रेखा बनाउने, सुक्खा पातपतिङ्गर हटाउने र जनचेतना जगाउने कार्य गर्नुपर्छ। डढेलो लागेको खण्डमा तत्काल दमकल र स्थानीय समुदायको सहयोगमा निभाउने प्रयास गर्नुपर्छ। लामो समयसम्म डढेलो लाग्न नदिन सावधानी अपनाउनु आवश्यक छ। डढेलो एउटा विनाशकारी प्राकृतिक वा मानवीय कारणले हुने आगलागी हो, जसले वन, घाँसे मैदान र अन्य प्राकृतिक वातावरणलाई असर गर्छ। यसले पारिस्थितिक प्रणाली, अर्थतन्त्र र मानव स्वास्थ्यमा दीर्घकालीन र गम्भीर प्रभाव पार्न सक्छ।

यसैगरी यसले माटोको जैविक पदार्थलाई जलाउँछ, जसले माटोको उर्वरता कम हुन्छ। यसले माटोको संरचनालाई कमजोर बनाउँछ र पानी सोस्ने क्षमता घटाउँछ, जसले गर्दा भूक्षयको जोखिम बढ्छ। यसको असरले ठूलो मात्रामा धुवाँ र हानिकारक ग्यासहरु उत्सर्जन गर्छ, जसले वायु प्रदूषण बढाउँछ। यसले मानव स्वास्थ्यमा नकारात्मक असर पार्छ, श्वासप्रश्वास सम्बन्धी समस्याहरु निम्त्याउँछ र जलवायु परिवर्तनमा योगदान पुयाउँछ। वन क्षेत्र विनाश गर्दा पानीको स्रोतमा नकारात्मक असर पर्छ। यसैले डढेलो नियन्त्रणमा सहकार्य गरौं ।

आजको आवश्यकता दलीय एकता



गणतन्त्रवादीहरुबीचका दलीय एकता आजको आवश्यकता हो । जसरी विगतमा सबै दल मिलेर गणतन्त्र र संविधान स्थापित गरे, आज तिनै दलहरु मिलेर यसको रक्षा गर्न जरूरी छ ।

नगेन्द्रराज पौडेल

देशमा यतिबेला गैरसंवैधानिक हर्कतहरु बढिरहेका छन् । लोकतन्त्रमा वाक् स्वतन्त्रता हुन्छ तर यसका नाममा देखिने छाडातन्त्र किमार्थ पाच्य हुँदैन । लोकतन्त्रमा पारदर्शिता हुन्छ र पारदर्शिताको सीमा छयाङ्ग्रै हो त्वाङ्ग्रै होइन भन्ने पनि बुझ्न जरूरी छ । जसलाई जे मन लाग्यो त्यही बोल्नु वा प्रचलित कानुनले वर्जित गरेको विषयका लागि ढिपी गरिनु लोकतन्त्र होइन । यसका पनि आफ्नै सीमा र मान्यता छन्, जसको पालना गर्नु हरेक नागरिकको कर्तव्य हुन्छ ।

राजाको हाउगुजी

अघिल्लो महिना पूर्वराजा ज्ञानेन्द्र शाहले आफूलाई साथ दिन आह्वान् गरे । एकथरीले यही विषयलाई लिएर 'राजा आऊ देश बचाऊ'को नारा लगाए । प्रधानमन्त्री केपी शर्मा ओलीले देशलाई के भएको छ र बचाउने ? भनी प्रश्न गरे । पूर्वराजावादीका नाममा र जा ल्याउने समिति नै बन्यो । उनीहरुले गत १५ चैतमा आन्दोलनको तयारी गरे । यद्यपि नाम अर्कै दिए । आन्दोलनकारीले केही मानिसलाई मैदानमा उतारे । सुरक्षाकर्मीले केहीलाई पक्राउ गऱ्यो । अप्रिय घटना पनि घट्यो । राजधानीमा दुई जनाको ज्यान नै गयो । आन्दोलनका कमान्डर भनिएका मेडिकल व्यवसायी दुर्गा प्रसाई फरार रहे ।

गत २४ फागुनमा पूर्वराजा शाह पोखराको लामो बसाइ सकेर काठमाडौं फिर्ता हुँदा उनको स्वागतमा देखिएको तामझाम र सडक ्यालीमा लगाइएका नारा प्रचलित संविधानका प्रतिकूलका थिए । विचार स्वतन्त्रता लोकतान्त्रिक राज्य व्यवस्थाको मौलिक हकभित्र पर्ने भएकाले राज्य पक्ष यी सबै क्रियाकलापमा अहस्तक्षेपको नीति अख्तियार गऱ्यो । धेरैलाई यो कुरा पाच्य पनि भएन । संविधानले नचिन्ने, गैरसंवैधानिक पद दिनु र असंवैधानिक नारा लगाउनु जायज थिएन । यसको जवाफमा नेकपा माओवादीको अग्रसरतामा गणतन्त्रका पक्षधरले सोही दिन भृकुटीमण्डपमा सभा गरे । सभाले गणतन्त्रलाई थप बलियो बनाउनुपर्नेमा जोड दियो ।

संविधानसभा र गणतन्त्रको यात्रा

हामीकहाँ तत्कालीन नेकपा माओवादीको १० वर्षे जनयुद्ध र सात राजनीतिक दल तथा नेकपा माओवादीबीच भएको सहमति, २०६२/०६३ मा भएको १९ दिने जनआन्दोलनसमेतका आधारमा संविधानसभामार्फत ३ असोज २०७२ मा संघीय लोकतान्त्रिक राज्य व्यवस्थासहितको गणतान्त्रिक संविधान जारी गरिएको हो । २ सय ४० वर्ष राज गरेको एकात्मक राजतन्त्रात्मक राज्य व्यवस्थालाई राष्ट्रपतीय प्रणाली अंगीकार गरेको गणतन्त्रात्मक संघीय व्यवस्थाले प्रतिस्थापन गरेको हो । बिनारक्तपात राजतन्त्र बिदाइ भएको गौर वमय इतिहास हाम्रासामु छ । यस्तो परिवर्तन संसारका अन्य देशमा विरलै मात्र देख्न पाइन्छ ।

गणतन्त्र जनतालाई सर्वोपरि ठान्ने उत्तम व्यवस्था हो । यसकारण नेपाल, चीनलगायत भारत, अमेरिकासमेत विश्वका १ सय ९९ देशमा गणतान्त्रिक व्यवस्था छ । हाम्रो गणतन्त्रले डेढ दशक पार गरिसकेको छ । विगतमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका लागि पटकपटकका पुस्ताले आन्दोलन गरेकाले ती आन्दोलन, आन्दोलनका मिति र उपलब्धिको ऐतिहासिक महत्व छ । ती उपलब्धिलाई सुरक्षित राख्न र तिनका भावना आत्मसात् गरी सोहीअनुरुप चल्न सकेमा मात्र गणतन्त्र सार्थकता सिद्ध हुन्छ । गणतन्त्रको उद्देश्य प्राप्तिका लागि अग्रसर हुन सकेमा मात्र सो आन्दोलनमा योगदान दिएका सबैको सम्मान हुन सक्छ । यसो हुँदा गणतन्त्रको विकल्पमा जनता सडकमा गएको देख्न पर्नेछैन । गणतन्त्रका विरूद्ध नाराबाजी सुनिनेछैनन् ।

विगत यस्तो थियो

संविधानसभा गणतन्त्रको प्रारुप थियो । सिधै गणतन्त्र भन्न नसकेरै होला, संविधानसभाबाट संविधान बनाउने चर्चा २००७ सालदेखि सुरू भयो । राजा त्रिभुवन र महेन्द्र दुवैले जनताको यो सपना पूरा हुन दिएनन् । वीरेन्द्र वंशनाशको सिकार भए । २०४६ को आन्दोलनमा पनि गणतन्त्रले प्रवेश पाएन । निर्दलीयता हटाउनुमा नै राजनीतिक शक्तिले उतिबेला आफ्नो ठूलो उपलब्धि ठाने । पछि तत्कालीन संयुक्त जनआन्दोलनका तर्फबाट डा. बाबुराम भट्टराईले १० बुँदे मागसहित पुन: संविधानसभाको कुरा उठाए । डा. भट्टराईको संविधानसभाको अन्तर्य गणतन्त्रको पूर्वाभ्यास थियो । तर, पूरा हुन पाएन । अन्ततः राजाद्वारा गठित शाही आयोगले तयार गरेको नेपाल अधिराज्यको संविधान, २०४७ जारी गरियो । कतिपय राजनीतिक दलहरुले यो संविधानलाई विश्वकै उत्कृष्ट संविधान भनी प्रशंसा गर्न थाले भने संयुक्त जनमोर्चा नेपालका नाममा डा. बाबुराम भट्टर ाईसमेतले २१ माघ २०५२ मा ४० बुँदे माग पेस गरे । संविधानसभाको एजेन्डा पनि यसमा पऱ्यो ।

जतिसुकै राम्रो व्यवस्था पनि दक्ष सञ्चालकको हातमा पऱ्यो भने खराब परिणति दिन्छ र जतिसुकै नराम्रो भनिएको व्यवस्था पनि कुशाग्र सञ्चालक परेको खण्डमा राम्रो परिणाम दिन्छ । उही कैंची मूर्खका हातमा पर्दा मान्छे मार्छ भने चिकित्सकका हातमा पर्दा मान्छे बचाउँछ ।

१ फागुन २०५२ बाट जनयुद्ध सुरू भयो । राजा ज्ञानेन्द्रले १८ असोज, १९ माघ २०५९ हुँदै प्रत्यक्ष शासन सुरू गर्नुभयो । अलिअलि भएको प्रजातन्त्रमा पनि 'कु' भयो । माओवादी र तत्कालीन सात दलका लागि ज्ञानेन्द्रको यो कदम एकताका लागि प्रेरक बन्यो । यी दुई शक्तिबीच कार्यगत एकताको ढोका खोल्यो । ७ मंसिर २०६२ मा सात दल र माओवादीबीच १२ बुँदे सम्झौता भयो । यो सम्झौताले संविधानसभाबाट संविधान निर्माण गर्ने माओवादीको यात्रालाई अनुमोदन गऱ्यो । ७ दल र माओवादीबीच २४ चैत २०६२ बाट संयुक्त रुपमा दोस्रो जनआन्दोलनको सुरू गरियो । २०६३ सालको ११ वैशाखमा आइपुग्दा दलहरुकै मागबमोजिम राजा ज्ञानेन्द्रद्वारा देशवासीका नाममा सम्बोधन गरी विगठित प्रतिनिधिसभा ब्युँताइयो । पुन:स्थापित प्रतिनिधिसभाको पहिलो बैठकले संविधानसभामार्फत संविधान बनाउने संकल्प प्रस्ताव पास गऱ्यो ।

५ मंसिर २०६३ मा माओवादीका तर्फबाट प्रचण्ड र सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबीच विस्तृत शान्ति सम्झौता भयो । माओवादीको आन्दोलनले औपचारिक विश्राम लियो । १ माघ २०६३ मा अन्तरिम संविधान बनाई जारी गरियो । १३ पुस २०६४ मा संसद् बैठकले लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा जाने संकल्प प्रस्ताव पास गऱ्यो । यसअघि संविधानसभाको निर्वाचनपूर्व नै गणतन्त्रको सुनिश्चितता गर्नुपर्ने मागसहित सरकारमा सहभागी माओवादी सर कारबाट बाहिरिइसकेको थियो । यहाँ पनि संविधानसभाले संविधान जारी गर्नुअगावै माओवादीको गणतान्त्रिक यात्राको थालनीलाई अरु दलले अनुमोदन नै गरी अघि बढे ।

मधेश आन्दोलनसमेतलाई मध्यनजर गर्दै १६ फागुन २०६४ मा संघीयतामा जान दलहरु सहमत भए । सबै दल २८ चैत २०६४ मा तोकिएको संविधानसभा निर्वाचन सफल पार्न लागे । चुनाव भयो । १ करोड ७६ लाख ११ हजार ८ सय ३२ जना मतदातामध्ये ६१ दशमलव ७ प्रतिशत मतदाताले मतदान गरे । माओवादी पहिलो दल बन्यो । १५ जेठ २०६५ मा बसेको पहिलो संविधानसभाको बैठकद्वारा २ सय ४० वर्ष लामो इतिहास बोकेको राजतन्त्र फालियो । गणतन्त्रले संस्थागत स्वरुप लियो । २९ जेठ २०६५ का दिन ज्ञानेन्द्र शाह राजदरबारबाट बाहिरिनुभयो । बिनाहिच्किचाहट २ सय ४० वर्षे राजतन्त्रले आफ्नो विरासत गुमायो ।

गणतन्त्रपछिका सकस

३१ साउन २०६५ मा नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहल प्रचण्ड प्रधानमन्त्री बने । २० वैशाख २०६६ मा सरकारले सेनापति हटाउने निर्णय गऱ्यो । राष्ट्रपति रामवरणद्वारा निर्णय उल्टाइयो । सरकारले ३१ वैशाखमा राजीनामा दियो । २९ जेठ २०६६ मा माधवकुमार नेपाल प्रधानमन्त्री बने । तर, संविधान बनेन । राजनीतिक दलहरुबीच पाँचबुँदे सहमति भई

बाँकी पेज ५ मा

डढेलोले नासिदै हरियाली वन

मकवानपुरमा मात्रै डेढसय वनमा आगलागी,

वायु प्रदुषण उच्च, आखाँमा समस्या बढ्दो

○ सहीखबर संवाददाता

मकवानपुर । सुरुखापन सुरू भएसँगै सुरू भएको वन डढेलोले मकवानपुरको झण्डै डेढसय वनमा आगोलागी भएको छ ।

आगलागीको कारण एकातिर वनको हरियाली नासिएको छ भने अर्कोतिर वायु प्रदुषणले आँखाको बिरामी हवात्तै बढेका छन् ।

बागमती प्रदेशको मकवानपुरलगायत काठमाण्डौ, चितवन, धादिङ, सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, नुवाकोटमा वन डढेलो उच्च रहेको छ । जसको कारण वायु प्रदुषण बढेर वायुमण्डल नै धमिलो भएको छ ।

वनमा लागेको डढेलोका कारण जंगली पशुपन्छि र वनक्षत्रको नजिकै बसोबास गर्ने मानवीय समुदाय उच्च जोखिममा रहेका छन् ।

प्रदेशको राजधानी हेटौंडा, काठमाण्डौ, नुवाकोट, चितवन, धादिङ आसपासका क्षेत्र बाक्लो तुवाँलोले ढाकेको छ । जसको धुवाँ वायुमण्डलमा मिसिँदा श्वास फेर्न समस्या हुने, आँखा पोल्ने, रूघाखोकी



जस्ता स्वास्थ्य समस्या बढेका छन् ।

विगतको वर्षहरूमा झै यसवर्ष पनि वनमा लाग्ने डढेलोबाट बचाउन खासै प्रयास गरेको देखिदैन, जसको कारण वनमा लागेको आगो नियन्त्रणको लागि अब वर्षाको विकल्प छैन ।

कहिले आकाश पानी पर्ला र डढेलो निम्ला अनि ढुक्कले निदाउँला भन्ने त्रासमा रहनु परेको मकवानपुर सिस्नेरीका लोक बहादुर लामाले बताए ।

वनमा लागेको आगोले चट्टानहरू तातेर ढुक्राढुक्रा हुँदै बाटोमा खस्ने गरेपछि यात्रामा समेत त्रास भएको हेटौंडा-काठमाण्डौ रूटमा सुमो चलाउँदै आएका चालक संजय खतिवडाले बताए ।

अस्पतालमा ३० प्रतिशत बिरामी बढे

वायु प्रदूषणका कारण पछिल्लो साता आँखा अस्पतालमा ३० प्रतिशत बिरामी बढेका छन् । आँखा पोलेर हेर्न समस्या हुने, आँखा चिलाउने, टाढा हेर्ने समस्या हुने जस्ता कारण लिएर बिरामीहरू आँखा अस्पताल आउने गरेका छन् । "उही जनशक्ति र उही भौतिक सुविधामा थप बिरामी हेर्न पर्दा केही प्रेसर बढेको छ" अस्पतालका संरक्षक सिद्धीलाल श्रेष्ठले भने ।

जथाभावी लगाइएको डढेलोका कारण निस्किएको तुवाँलोले वायु प्रदूषण निकै बढेपछि आँखासम्बन्धी समस्या पनि उत्तिकै बढेको छ । अहिले बालबालिकादेखि वृद्धवृद्धासम्मको आँखामा समस्या देखिएको छ । वायु प्रदूषणका कारण अन्य समयमा भन्दा केही दिनयता आँखाका बिरामी बढेको हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठ बताए ।

दैनिक २ देखि ३ सयको हाराहारीमा आँखा जाँच गर्न बिरामीहरु आउने गरेकोमा हाल ४ सय जनासम्म बिरामीहरु आउने गरेका श्रेष्ठले बताए । श्रेष्ठले भने, 'बिरामीहरुमध्ये धेरैजसोको आँखा पोल्ने, रातो हुने, चिलाउने, आँखा सुन्निने जस्ता समस्याहरु देखिएका छन् ।' यस अस्पतालमा मकवानपुरलगायत छिमेकी जिल्लाहरुबाट समेत आँखाको उपचार गर्न आउने गरेका छन् । वायु प्रदूषणकै कारण आँखामा इन्फेक्सन भएको सामुदायिक आँखा अस्पताल हेटौंडाका प्रमुख चिकित्सक सुनिल थकालीले बताए ।

यता वायु प्रदूषणकै कारण हेटौंडा अस्पतालहरुमा पनि बिरामीको चाप बढेको छ । वायु प्रदुषणको कारण नाक, कान,घाँटी, फोक्सो सम्बन्धी समस्या देखिने गरेको पाइएको छ । दमका रोगी, मुटुरोगी तथा अन्यलाई समेत घाँटी दुख्ने, श्वास फेर्न असहज हुने र रूघाखोकी लाग्ने समस्याले बिरामीहरु आउने गरेको हेटौंडा अस्पतालका डा उदित आचार्य बताउँछन् । उनका अनुसार एक सातादेखि रूघाखोकी लाग्ने, छाती दुख्ने, दम बढ्ने तथा आँखा पोल्ने समस्या लिएर बिरामीहरु अस्पताल आउने क्रम बढेको छ ।

'अन्य समयको तुलनामा केही दिनयता वायु प्रदूषणका कारण संक्रमण भएका बिरामीहरुको संख्या बढेको हामीले पाएका छौं,' उनले भने, 'धेरैजसोमा श्वासप्रश्वासको समस्या देखिएको छ। घाँटीमा इन्फेक्सन, रूघा लाग्ने बिरामीहरु धेरै छन्।'

त्यसोत, वन जंगलमा लागेको डढेलोले सबैतिर क्षतिमात्रै निम्त्याउँछ । जंगली जनावरको बासस्थान देखि किराफट्यांग्रा सम्मको नास हुने हुँदा वन डढेलोले जैविक विविधतामा समेत प्रभाव पार्ने जानकारहरु बताउँछन्। प्रदेशका प्राय: सबै जिल्लाका सामुदायिक वनहरुमा डढेलो लाग्दा प्रदेशको वन तथा वातावरण मन्त्रालयले वन डढेलो नियन्त्रण तथा न्यूनीकरण गर्नका लागि विभिन्न कामहरु गरिर हेको बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयका सचिव केदार बडालले बताए ।

वन डढेलो नियन्त्रणका लागि सबै जिल्लाका डिभिजन वन कार्यालयमा डढेलो नियन्त्रणका सामग्रीहरु पठाएको उनले बताए । 'डिभिजन वन कार्यालय मार्फत सामुदायिक वनहरुलाई परिचालित गरेर अग्निरेखा निर्माण गर्ने र डढेलो लागेमा सामुदायिक वन उपभोक्ता समितिलाई परिचालन गरेर निभाउने कार्यहरु भैरहेको उनले बताए ।

सचिव बडालका अनुसार प्रदेश सरकारसँग प्रदूषणको लेबल नाप्ने कुनै यन्त्र छैन। जसकारण प्रदूषणको लेबलको नतिजाको लागि केन्द्रकै भर पर्नु परेको उनले बताए । 'चालु आर्थिक वर्षमा प्रदूषणको लेबल नाप्ने यन्त्र खरिद गर्ने भन्ने तयारी त थियो। तर आर्थिक अभावका कारण काम हुन पाएको छैन । तथापी हामी छिट्टै यसको व्यवस्थापन गर्छौं,' उनले भने ।

मकवानपुरका मात्रै यो वर्ष ६० हेक्टरभन्दा बढी क्षेत्रफलमा डढेलो लागेको डिभिजन वन कार्यालय मकवानपुरको तथ्यांक छ । चालु आर्थिक वर्षमा जिल्लामा वन डढेलो नियन्त्रणका लागि १५ लाख रूपैयाँ बजेट विनियोजन भएको थियो । बजेटले म्याएसम्म डढेलो नियन्त्रणका उपायहरु अपनाइएको बताइएको छ । तर भूगोलका कारण पनि डढेलो लागिसकेपछि नियन्त्रणमा ल्याउन भने कठिन हुने गरेको कार्यालयका डिभिजनल वन अधिकृत राकेश प्रसाद चन्द्रवंशी बताउँछन् ।

मकवानपुरको १० स्थानीय तहको १४५ स्थानमा डढेलो लागेको छ। मकवानपुरको हेटौंडा उपमहानगरपालिकाका सबैभन्दा धेरै ४३ स्थानमा वन डढेलो लागेको डिभिजन वन कार्यालय, मकवानपुरको तथ्यांक छ । हेटौंडाको विभिन्न सामुदायिक वनहरुमा ६ सय १४ हेक्टर वनमा डढेलो लागेको छ ।

थाहा नगरपालिकामा ९ स्थानमा डढेलो लाग्दा १ सय ४ हेक्टर वनमा डढेलो लागेको तथ्यांक छ भने इन्द्रसरोवर गाउँपालिकामा १६ स्थानमा ४ सय हेक्टर क्षेत्रफलमा डढेलो डिभिजन वन कार्यालय मकवानपुरको तथ्यांक छ ।

यस्तै, कैलाश गाउँपालिकाको १३ स्थानमा वन डढेलो लाग्दा ३ सय ९५ हेक्टर, राक्सिराङ गाउँपालिकाको ३ स्थानमा डढेलो लाग्दा १ सय ५० हेक्टर, भीमफेदी गाउँपालिकाको १२ स्थानमा डढेलो लाग्दा ३ सय ४८ हेक्टर, मनहरी गाउँपालिकाको ५ स्थानमा डढेलो लाग्दा १ सय ७७ हेक्टर, मकवानपुर गढी गाउँपालिकाको ८ स्थान स्थानमा डढेलो लाग्दा ३ सय ३६ हेक्टर क्षेत्रफल वनमा डढेलो लागेको तथ्यांक छ । यस्तै, बकैया गाउँपालिकामा ३१ स्थानमा ६७ हेक्टर वनमा डढेलो लागेको छ । यसैगरी मकवानपुरको बागमती गाउँपालिकामा २८ स्थानमा डढेलो लाग्दा १ सय ३१ हेक्टर वनमा डढेलो लागेको डिभिजन वन कार्यालय मकवानपुरले जनाएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

राक्सिराङ गाउँपालिका

गाउँ कार्यपालिका कार्यालय, मकवानपुर

द्वन्द्वको पीडाले ...

१ पेजको बाँकी

परिवारको रूपमा चिनिन्छु तर मेरो पीडा त्यतिमा मात्रै सिमित छैन । जुन कुरा मैले भन्दै हिँड्दा कुरो पनि भएन । आफ्नो यो घटनाको बारेमा पहिलो पटक तपाईंसँग भन्दैछु । आजसम्म मैले करौलाइ भनेको थिइँन ।

श्रीमान्को नामको क्षतिपुर्ति त राज्यले दियो । शान्ति सम्झौतापछि बल्ल बाँच्न अलि सजिलो भयो । तर जीवन गुजार्न समस्या भो । जग्गा जमिन नहुनेलाई बाँच्न अझै कति समस्या छ ।

पीडामा केही मल्हम पट्टी लाग्छ कि भनेर २०७० सालमा अर्को बिहे गरँ, तर नलाग्ने रहेछ मल्हम । आफूमाथि भएको शोषणको घटना भनेको पनि छैन । अहिलेको श्रीमानसँग राम्रै हुँदा पनि माओवादीले मारेको श्रीमान्कै याद आउँछ । झन् कहिले काहीं ठाकठुक पर्दा पनि पहिलाको सँग त यस्तो परेको थिएन भनेर झन् यादले सताउने रहेछ ।

पढ्ने उमेरमा बाआमाले नै सुम्पेको व्यक्ति थिए उनी (पहिलो श्रीमान्) । मैले अर्को विवाह गरेपछि साहिद परिवार भन्ने परिचय पनि रहेन । साहिद परिवारले पाउने केही सेवासुविधा भए पनि नपाउने भएँ । आफैंले भोगेको कुरा त कहाँ गएर भन्नू र न्याय पाउनू ! हातखुद्दा केही माँचिएको भए द्वन्द्व पीडित भइनेरहेछ । अध्यारो कोठामा राखेर हामी महिलामाथिको शोषण त कसले देख्ने ? कहाँ गएर भनेर न्याय खोज्नू र ? मसँगै पीडा भोग्ने ती दुई बहिनीहरूले त झन् केही राहत पनि पाएनन्, न्यायको कुरा त कता गएर खोजे होला र ? यो थियो, २०६० साल माघमा पर्सा जिल्लामा भएको घटनाको पीडित महिलासँग २०८१ चैतको दोस्रो साताम गरिएको कुराकानीको सार । (सम्बन्धित व्यक्तिको पहिचान गोप्य राखिएको) ।

झण्डै चार घण्टाको बसाइ र कुराकानीमा उनले पटक पटक राज्यले आफूहरूमाथि परिपूरणको केही काम नगरेको बताइन् । सर कारको सुराकी मानेर माओवादीले दुख दिएको बताउने उनले शान्ति सम्झौतापछि २०७० फागुनमा माओवादी कार्यकर्तासँगै नै विवाह गरिन् । आगोले डामेको घाउँ आगोमै सेकाउने हिम्मत गरेको हुँ, उनी भन्छिन् "राज्यले त के गर्‍यो खै ! पार्टीले पनि बुहारी स्वीकार्नु बाहेक मलाई र म जस्ता दिदीबहिनीको लागि केही गरेन ।" बिहेपछि उनी मकवानपुर आएकी हुन् ।

घटना ख

श्रीमान्को खोजीमा मनमाया २० वर्षदेखि

पर्खाइ अर्थात् प्रतिक्षाको पल कति पीडादायी हुन्छ, मकवानपुर जिल्ला मनहरी गाउँपालिका ७ रमनटारकी ७१ वर्षीया मनमाया तामाङलाई थाहा छ । उनी २० वर्षदेखि सेनाले लगेका श्रीमान् पर्खिरहेकी छिन् । एक मनले भन्छ, अब त कहाँ बाँकी हुनुहोला र? तर अर्को मन श्रीमान् छैनन् भन्ने पटक्कै मान्दैन । ७ चैत २०६१ मा घर नजिकैबाट हराएका मनमायाका ६० वर्षीय श्रीमान् कृष्ण तामाङको अझै पत्तो छैन । यसरी उनी बेपत्ता भएको यही चैत ७ गते २० वर्ष पुग्यो । कृष्ण जीवित छन् वा छैनन् थाहा छैन तर उनी श्रीमान् पर्खिरहेकी छिन् ।

सरकार ! मेरो लोग्नेको लास देखाइदेउ, कि सास, उनी भन्छिन्, "मैले मेरो लोग्ने कहाँ छ भनेको २० वर्ष भइसक्यो, कोही केही बोल्दैनन् !"

कृष्ण तामाङ धादिङ गजुरीबाट ५० को दशकको अन्तिमतिर मकवानपुरको रमनटारमा बसाइँ सरेर आएका थिए । त्यहाँ वन फाँडेर ठहरा बनाए । ज्यालादारी र झारफुक गरेर परिवार पाल्दै आएका थिए । देशमा गृहयुद्ध चलिरहेकै समयमा एकदिन कामले गाउँतिर निस्किएका थिए । त्यसपछि फर्किन पाएनन् ।

५ मंसिर २०६३ मा शान्ति सम्झौतापछि युद्धविराम भयो, देशमा शान्ति आयो भनियो तर यो मनमायाको मनमा कहिल्यै शान्ति आएको छैन । गाउँकै कबुलियती वन छेउको सडकबाट कृष्णलाई सेनाको गाडीमा हालेर लगेको त्यहाँ काम गर्ने सडक विभागका कर्मचारीले आफूलाई भनेको मनमाया सम्झन्छिन् ।

"म श्रीमान् खोज्दै मनहरीको सुनाचुरी ब्यारेक पुगँ, ब्यारेकका सेनाले फोटो मागे' उनी भन्छिन्, 'मसँग उहाँको एउटै तस्वीर थियो, जुन सेनालाई दिएँ । तर सेनाले श्रीमान् त होइन मसँग भएको त्यै एउटा फोटो पनि फिर्ता गरेन ।" अब मनमायासँग कृष्णको चिनोको रुपमा नागरिकतामा टाँसिएको एकथान श्यामश्वेत फोटो छ, जुन समयसँगै रङहीन भइरहेको छ ।

पानी चुहिने छाप्रोमा पाँच बालबच्चा सहित बस्थे उनीहरू । त्यही छाप्रोमा बच्चा छोडेर मनमाया श्रीमान्को खोजीमा चितवनदेखि हेटौंडा वर्षौं धाइन् । श्रीमान् खोज्दै हिंडेको ८ महिनापछि छिमेकीले कृष्णा चितवन राष्ट्रिय निकुञ्जको कसरामा रहेको बताए । मनमाया कसरा पनि पुगिन्, तर त्यहाँबाट पनि न जवाफ पाइन् न त मान्छे नै ।

घटना ग

१ मंसिर २०६० सालमा पर्सा जिल्लास्थित आफ्नै घरबाट पत्रकाउ परेका जगन्नाथ नेपालको दुई महिनापछि माघ ३ गते हत्या भयो । द्वन्द्वको समयमा पटक पटक राज्यपक्षबाट गिरफ्तारीमा परेका जगन्नाथ १ मंसिरपछि घर फर्कन पाएनन् । माओवादी युद्धमा लागेको कारण उनलाई राज्यपक्षले गिरफ्तार गरेर हत्या गरेको पार्टीको दाबी छ । त्यसअघि जस्तै सुरक्षाकर्मीले गिरफ्तार गरे पनि सकुशल फर्कने गरेको उनी यसपटक पनि फर्किन्छन् भन्ने आशामा थिइन् जगन्नाथको श्रीमती विष्णुमाया नेपाल) । तर आशा सत्य भएन यसपटक ।

श्रीमान्को हत्यापछि उहाँको घरसहित १३ वटा घरमा आगजनी गरियो । त्यो घटनापछि पर्सा जिल्लाबाट विस्थापित भएर परिवारै मकवानपुरको हेटौडा आयो ।

अहिले ६३ वर्षकी भइन्, विष्णुमाया । उनी त्यतिबेला ११ वर्ष र १५ वर्षका ३ छोराहरू लिएर पर्साको सबै भौतिक सम्पत्ति छोडेर हेटौंडा आइन् । २०५३ सालदेखि माओवादीमा लागेका जगन्नाथ, पाँच पटक जेल परे । पछिल्लो पटक जेल पर्दा कहाँ कुन जेलमा छन् विष्णुमायालाई थाहै दिइएन । दुई महिनापछि पार्टीले राज्यपक्षबाट मारेको पुष्टि गर्‍यो ।

शान्ति सम्झौतापछि विष्णुमाया स्थानीय शान्ति समितिमा पनि बसिन् । पीडितको परिपुरणका कुराहरू खुब भए तर काम के भए थाहै भएन उनलाई । राज्यले महिला शान्ति सुरक्षा सम्बन्धी राष्ट्रसंघ सुरक्षा परिषदको कुराहरू ल्याउछ तर कार्यान्वयन गरेकै छैन, उनको भनाइ छ । देशमा म जस्ता हजारौं महिलाहरू छन्, सबैको बिजोक मेरो जस्तै होला, जुन पार्टीको भए पनि राज्यपक्ष वा विद्रोही पक्ष जेजे भए पनि समस्या सम्बोधन गर्नुपर्ने हो किन गरिँदैन ?" उनको प्रश्न छ ।

"शान्ति सम्झौतापछि मार्लान् कि भन्नुपरेन तर जीवन गुजार्न अझै समस्या छ, "राज्यले यसबारे गहिरो गरी समाधान खोजोस् ।"

शान्तिकालपछिको अशान्त मन

पढ्ने बेलामा युद्धमा हिँडेका महिलाहरू अहिलेको संरचना र समयमा फीट हुन समस्या छ । "पूर्व लडाकु होस् वा कुनै पनि घटनाका पीडितहरू शैक्षिक रूपमा पछाडि छन्, अहिलेको राज्य व्यवस्थाले विधागत विज्ञ जनशक्ति खोजि गर्छ अनि पीडितहरूको माग सम्बोधन हुन सक्दैन" जनक्रान्तिका घाइते अपाङ योद्धा संघको केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला अध्यक्ष कृष्ण सुवेदी भन्छन् "जो जो आर्मीमा गए, उनीहरूको एक प्रकारको व्यवस्थापन भयो, तर जो जो अयोग्य भए वा स्वेच्छिक अवकाश रोजे उनीहरूको जीवन निर्वाहमै समस्या छ, नाजुक छ ।"

हात खुट्टा नभएकाहरूको बाँच्ने आधार निर्माण गर्न राज्यको ध्यान केन्द्रीत नभएको सुवेदीको गुनासो छ । "पार्टी वा संघसंस्थाले हेर्ने आफ्नो ठाउँमा छ, तर राज्यले ध्यान दिएको छैन" उनले भने । राज्य आफ्नो दायित्वबाट पन्छिएको छ ।

विशेष गरी यौन शोषणको हकमा राज्यले चासो नै दिएको छैन, यौन शोषणलाई अपाङता नै मान्दैन, उसको पीडा झन् धेरै छ, झनै संवेदनशील छ, तर कुनै वर्गमा नै छैन । सुवेदीका अनुसार द्वन्द्वको समयमा घाइते भएका ५० जना हाल संघमा आवद्ध छन् । यौनहिंसा पीडितको हकअधिकारका लागि पनि संघले पनि केही गर्न सकेको छैन ।

"व्यक्तिगत सवाल भएकोले होला, संघमा यसबारे गुनासा, दाबि तथा उजुरी केही आएका छैनन" सुवेदीले भने "देखिने प्रकारको क्षतिको परिपुरणको लागि जस्तो यौन शोषणको सवाल सम्बोधन गर्न कठिन छ ।" यौन शोषणको सवाल सबैभन्दा पहिले सम्बोधन हुनु पर्ने सवाल हो भन्नेमा आफ्नो पनि मत रहेको उनले सुनाए ।

द्वन्द्वकालको समयलाई पत्रकारितामार्फत् प्रत्यक्ष रूपमा नियाल्दै आउनु भएको वरिष्ठ पत्रकार प्रताप विष्ट पनि द्वन्द्वको समयमा भएको घटनाहरूको पीडितलाई छुट्टै कोष बनाएर सम्बोधनको प्रयास नभएको बताउँछन् ।

"आफैं युद्धमा होमिएकाहरू केही राजनीतिमा सक्रिय छन्, पदमा पनि पुगेका छन्, तर परिवारको सदस्य गुमाएकाहरूको मनोबल उच्च बनाउने, पीडा भुलाउने काम भने भएको छैन" पत्रकार विष्टले भने ।

"आफन्त गुमेको पीडालाई भुलाउने मनोपरार्शको पाटोमा काम भएको छैन, जसले गर्दा पीडितहरूलाई विगतले तर्साइरहेको छ ।" अझ त्यो समयमा यौनहिंसामा परेका महिलाहरूले त घटना लुकाउनु परेका कारण त्यो बेलाको दुखाइ बल्झिदा परिवारकै अगाडि ऐयाअत्था समेत भन्न पाउँदैनन् । स्वास्थ्य उपचार, मनोपरामर्श तथा न्यायको कुरा त झन् कता हो कता ?

अधुरा उपलब्धि अझै अधुरै

सरकारले द्वन्द्वकालका महिलामाथि भएका हिंसा, यातना तथा यौनहिंसा जस्ता घटनाका पीडितको न्यायका लागि केही प्रयास गरेको देखिए पनि प्रभावकारी कार्यन्वयन नगरिँदा पीडितहरू पीडामै छन् ।

विश्व राजनीति तथा सशस्त्र संघर्षमा महिलाले द्वन्द्वको समय र त्यस पश्चातको संक्रमणकालीन अवस्थामा विशेष गरी महिला र बालिका विभिन्न प्रकारका हिंसा, विभेद र जोखिममा पर्ने गरेको हुदाँ सो को सम्बोधन गर्न तथा शान्ति निर्माणको प्रक्रियामा उनीहरुको सहभागिताको प्रर्वद्धन गर्न संयुक्त राष्द्र संघ सुरक्षा परिषद्बाट ३१ अक्टोवर, सन् २००० मा प्रस्ताव नं १३२५ पारित गरिएको थियो ।

साथै द्वन्द्व र त्यस पश्चातको संक्रमणकालीन अवस्थामा लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाहरुबाट प्रभावित महिला र बालिकाहरुको सुरक्षा र पीडितहरुको विशेषआवश्यकतालाई सम्बोधन गर्न संयुक्त राष्द्रसंघ, सुरक्षा परिषद्बाट १९ जुन, २००८ मा प्रस्ताव नं १८२० पारित भएको थियो ।

यो प्रस्तावले विशेष गरी द्वन्द्वको समयमा महिला र बालबालिका माथि हुने यौनजन्य हिंसालाई रोकथाम गर्न, यौनजन्य हिंसामा शून्य सहनशिलता लागू गर्न र आम नागरिकहरुलाई यौन हिंसामा पर्न नदिन आवश्यक उपायहरु अपनाउने जस्ता विषयहरुमा जोड दिएको छ ।

नेपालको सन्दर्भमा पनि मुलुकको अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जनआन्दोलन तथा सशस्त्र संघर्षमा महिलाले निर्वाह गरेका भूमिका महत्वपूर्ण हुँदाहुँदै पनि द्वन्द्वको समय र तत् पश्चातको संक्रमणकालीन अवस्थामा विशेष गरी महिला र बालबालिका विभिन्न प्रकारका हिंसा, विभेद र जोखिममा परेका छन् जसको अझै परिपूरण हुन सकेको छैन ।

सरकारले संयुक्त राष्द्रसंघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं १३२५ र १८२० राष्ट्रिय कार्ययोजना (२०६६/६८-२०६१/२०६२) को पहिलो कार्ययोजना ल्यायो र केही काम पनि सुरू भए । पहिलो कार्ययोजनाको अधुरा उपलब्धिहरूलाई पुरा गर्न दोस्रो कायययोजना कार्यान्वय कार्यविधि बनाइएको हो तर यसको पनि समय सिमा सकिदासम्म कार्यान्वय पाटो साह्रै कमजोर देखिएको सरोकारवालाहरू बताउँछन् । दोस्रो कार्ययोजनामा खास गरी ४ वटा पाटो समावेश छन् । सहभागिता, सुरक्षा र रोकथामा, राहत तथा परिपूरण र क्षमता विकास, स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन । यि ४ वटै पाटो साह्रै कमजोर रहेको पत्रकार विष्ट बताउँछन् ।

(आब २०६९/८० देखि आब २०८१/८२) सम्मका लागि दोस्रो राष्ट्रिय कार्ययोजना निर्माण गरी लागू गरिएको छ । नेपाल सरकार, गृह मन्त्रालयले "कार्ययोजनामा उल्लिखित विषयलाई सरकारको नीति तथा कार्यक्रममा आन्तरिकीकरण गरी क्रमशः कार्यान्वयन गरिनेछ" भनेको छ । तर २०८१ सकिनै लाग्दासम्म पनि यसको कार्यान्वयन पूर्ण रूपमा छैन ।

दोस्रो राष्ट्रिय कार्ययोजनाले नीति निर्माण, शान्ति स्थापना तथा विकास प्रक्रियामा महिलाको समतामूलक, समानुपातिक, समावेशी र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, महिला तथा बालिकामाथि हुने शारीरिक, मानसिक तथा यौनजन्य हिंसाबाट सुरक्षाको प्रत्याभूति गर्ने साथै त्यस्तो हिंसा हुन नदिन रोकथामका प्रभावकारी उपाय अवलम्बन गर्ने उद्देश्य राखेको थियो ।

यसैगरी द्वन्द्वकालमा हिंसाबाट पीडित महिला तथा बालिकाको राहत तथा परिपूरणको व्यवस्था गर्ने,राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्नका लागि सरोकारवालानिकायको क्षमता अभिवृद्धि गर्ने र आवश्यक स्रोत र साधन सुनिश्चित गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउने लक्ष्य राखेकोमा यौनशोषणको सवालमा सम्बोधन गर्नुपर्ने सवाल/कामहरू अधुरा रहेको हिमराइद्स मकवानपुर प्रमुख कुमारी वाइबा बताउँछिन् ।

बाहिर भन्न समेत नसकिने यौनहिंसा पीडित महिलाहरूको न्यायलाई सम्बोधन गर्ने दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन नै नभई समय सकिन लाग्यो । यसरी द्वन्द्वको समयमा यौनहिंसा भएका पीडित महिलाले न्याय र परिपुरणका लागि पर्खेर बस्नुपर्ने न्यायोचित नभएको हिमराइद्स मकवानपुर प्रमुख वाइबाले बताइन् ।

कार्ययोजनाको निर्देशक समेत रहेको बागमती प्रदेशको आन्तरीक मामिला तथा कानून मन्त्री सुरजचन्द्र लामिछाने कार्ययोजना कार्यान्वयको लागि प्रदेश सरकार लागिपरेको बताउँछन् ।

"हामीले प्रदेश स्तरीय समिति गठन गरेका छौ, चालु आर्थिक वर्षमा धेरै कम बजेट भएकोले देखिने गरी काम गर्न सकिएन" मन्त्री लामिछानेले भने "२०८२ मा यो कार्ययोजना कार्यान्वय अवधि सकिन्छ, तर केही महिना थप गरिन्छ भन्ने मैले बुझेको छु, अबको समयमा चाँही पहिलो र उच्च प्राथमिकतामा यो सवाललाई राख्ने प्रयत्न गर्नेछु ।"

● *यो सामग्री सहीखबर अनलाइन संस्करणमा पनि प्रकाशित छ ।*

बागमतीको ८०० बढी विद्यालयमा नर्ससेवा तर दुर्गममा टिक्दैनन् ?



◯ सहीखबर संवाददाता

काठमाडौं । बागमती प्रदेशको ८०० भन्दा बढी माध्यमिक विद्यालयमा नर्सिङ सेवाको पहुँच पुगेको छ ।

विद्यालय तहबाटै बालबालिकालाई सन्तुलित र पोसिलो खानेकुराका साथै स्वास्थ्य सजगता अपनाउन उत्प्रेरित गर्दै स्वास्थ्य, सर सफाइ र पोषण प्रवर्द्धन गर्न विद्यालयमा नर्स राखिएको हो ।

बागमती प्रदेशका ८४८ माध्यमिक विद्यालयमा नर्सिङ सेवा उपलब्ध छ । प्रदेशको स्वास्थ्य मन्त्रालयका अनुसार बागमती प्रदेशका १३ जिल्लाका ११९ वटै पालिकालाई विद्यालय नर्स कार्यक्रमले समेटेको छ । सहरी क्षेत्रदेखि ग्रामीण भेगका माध्यमिक विद्यालयमा करार सेवामा नर्स नियुक्त गरी खटाइएको मन्त्रालयले जनाएको छ ।

किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्य सुधारलाई मध्यनजर गर्दै तत्कालीन सरकारले २०७५ बाट 'एक विद्यालय एक नर्स' कार्यक्रम सञ्चालनमा ल्याएको हो । पहिलो चरणमा छनोट गरिएका १३ जिल्लाका २० विद्यालयमा यो कार्यक्रम सञ्चालन गरिएको थियो ।

उक्त कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारको तत्कालीन सामाजिक विकास मन्त्रालयले 'एक प्रदेश एक नर्स' कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ जारी गरेको थियो ।

तत्कालीन समयमा सामाजिक विकास मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्री युवराज दुलाल 'शरद'ले सो कार्यक्रमलाई प्रदेश सरकारको प्रमुख कार्यक्रमको रुपमा अघि सारेका थिए । नागरिकमा सकारात्मक र प्रभावकारी नतिजा प्रदान गर्ने उद्देश्य अनुसार सो कार्यक्रम अघि बढाइएको थियो ।

प्रदेशको विकट तथा दुर्गम क्षेत्रका विद्यालयहरुमा नर्सको पद रिक्त रहेका छन् । प्रदेशको ६१ विद्यालयमा नर्सहरुले विभिन्न कारणले जागिर छाडेका छन् ।

स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका अनुसार नगरपालिका क्षेत्रभन्दा गाउँपालिकाहरुमा नियुक्त गरिएका नर्सहरुले जागिर छाडेका छन् । गत पुससम्म १०० को संख्यामा नर्सहरु रिक्त रहेको भएपनि हाल ६१ विद्यालयमा मात्र नर्स सेवा रिक्त रहेको निर्देशनालयले जनाएको छ । रिक्त रहेका विद्यालयमा निर्देशनालयमार्फत प्रक्रियागत रुपमा छनोट गरी नर्सहरुलाई नियुक्ति दिने काम भइरहेको निर्देशनालयका निर्देशक नरेन्द्र भाले जानकारी दिए ।

हालै मात्र केही नर्सलाई नियुक्ति दिएर सम्बन्धित स्थानीय तहको विद्यालयमा खटाइएको उनले बताए । रिक्त ६१ विद्यालयमा पनि क्रमिक रुपमा यसै वर्ष नर्स पठाउने काम भइरहेको उनले बताए ।

निर्देशनालयको तथ्याङ्क विश्लेषण गर्दा नगरपालिकाका विद्यालयको तुलनामा गाउँपालिकाको विद्यालयमा नर्स टिकाउन कठिन रहेको उनको भनाई छ ।

विद्यालय नर्सहरु बिदेसिने क्रम बढिरहेकाले उनीहरुले जागिर छाड्ने गरेका निर्देशक भाको भनाइ छ । ग्रामीण क्षेत्रका विद्यालयमा काम गर्न कठिन रहेकाले पनि नर्सहरु सहर बजार वा पायक पर्ने क्षेत्रमा आकर्षित हुने गरेका देखिएको उनले बताए ।

तथ्याङ्क अनुसार ३३ गाउँपालिका र एक नगर पालिकाका विद्यालयमा नर्स छैनन् । काभ्रेको ३, सिन्धुपाल्चोकको ६, दोलखा ६, रसुवाको ३, धादिङको ६, रामेछापको ५, ललितपुरको १, नुवाकोटको ४ गाउँपालिकामा नर्स छैनन् भने नुवाकोटको एक नगरपालिकामा पनि नर्स रिक्त रहेको छ ।

माध्यमिक विद्यालय, बराहकालिका माध्यमिक विद्यालयपुर्सु ढोला, त्रिपुरासुन्दरी गाउँपालिकाको त्रिपुरासुन्दरी माध्यमिक विद्यालय, नेत्रावती डबजोङ गाउँपालिकाको कुण्डलादेवी माध्यमिक विद्यालयमा नर्स पद रिक्त छ ।

नुवाकोटको दुप्चेश्वर गाउँपालिकाको गोल्फु भञ्ज्याङ माध्यमिक विद्यालय, बेलकोटगढी नगरपालिकाको वीरेन्द्र माध्यमिक विद्यालय, तादी गाउँपालिकाको सुन्दरा माध्यमिक विद्यालय, सातबिसे, लिखु गाउँपालिकाको महेन्द्र महेशदेव माध्यमिक विद्यालय, म्यागङ गाउँपालिकाको किम्ताङ माध्यमिक विद्यालयमा नर्स छैनन् ।

काभ्रे को ३ स्थानीय तहको विद्यालयमा विद्यालय नर्सको दरबन्दी रिक्त रहेको छ । काभ्रेको चौरिदेउराली गाउँपालिका र तेमाल गाउँपालिकाका ८ विद्यालयमा नर्सको दरबन्दी रिक्त रहेको हो ।

चौरीदेउराली गाउँपालिकाको खाडादेवी मावि, प्रभा माध्यमिक विद्यालय कात्तिके देउराली, भूमेस्थान माध्यमिक विद्यालय, बुद्ध हिमालयन माध्यमिक विद्यालय र तेमाल गाउँपालिकाको भूमे माध्यमिक विद्यालय, पन्चकन्या माध्यमिक विद्यालय, धार्ने ज्योति माध्यमिक विद्यालय, शारदा माध्यमिक विद्यालयमा नर्स रिक्त रहेका छन् ।

दोलखामा ६ स्थानीय तहका विद्यालयमा नर्स छैनन् । दोलखाको कालिञ्चोक गाउँपालिकाको बालउदय माध्यमिक विद्यालय, जल्पाश्वरी माध्यमिक विद्यालय, निकोभुमे माध्यमिक विद्यालय, गौरीशंकर गाउँपालिकाको हिमावर्ती माध्यमिक विद्यालय, तामाकोशी गाउँपालिकाको अमर मावि, विगु गाउँपालिकाको गौरीशंकर माध्यमिक विद्यालय, थाम्पु माध्यमिक विद्यालय, हिमालय माध्यमिक विद्यालय चिलंखा, शान्ति आर्दश माध्यमिक विद्यालय लादुक बैतेश्वर गाउँपालिकाको जन ज्योति माध्यमिक विद्यालय, मेलुङ गाउँपालिकाको डाडाखर्क माध्यमिक विद्यालय, भीम माध्यमिक विद्यालय, कालिका माध्यमिक विद्यालय, लक्ष्मी माध्यमिक विद्यालयमा नर्स पद रिक्त रहेको छ ।

धादिङको ६ स्थानीय तहमा नर्स रिक्त रहेका छन् । धादिङको खानियाबस गाउँपालिका शिङगाला देवी माध्यमिक विद्यालय, गणेश कुण्ड माध्यमिक विद्यालय, भकुर्लाङ माध्यमिक विद्यालय, गंगाजमुना गाउँपालिका महालक्ष्मी माध्यमिक विद्यालय सानो बसेरी, गजुरी गाउँपालिकाको डोलभन्ज्याङ माध्यमिक विद्यालय, ज्वालामुखी गाउँपालिकाको समिभनज्याग माध्यमिक विद्यालय, खाडाँदेवी माध्यमिक विद्यालयमा नर्स छैनन् ।

रसुवाको उत्तरगया गाउँपालिकाको नवविजय महेन्द्र माध्यमिक विद्यालय, गोसाईकुण्ड गाउँपालिकाको कोमिन श्यामे योङफेल माध्यमिक विद्यालय, नौकुण्ड गाउँपालिकाको गौतम बुद्ध माध्यमिक विद्यालयमा नर्सको दरबन्दी रिक्त छ ।

रामेछापको गोकुलगंगा गाउँपालिकाको कमलादेवी माध्यमिक विद्यालय, गोकुलगँगा माध्यमिक विद्यालय, दोरम्बा गाउँपालिकाको काकलिंग माध्यमिक विद्यालय, सुर्के देउराली माध्यमिक विद्यालय, सुनापति गाउँपालिकाको अग्लेश्वर माध्यमिक विद्यालय, शतलिङेश्वर माध्यमिक विद्यालय, खाँडादेवी गाउँपालिकाको श्री माध्यमिक विद्यालय रातामुम, मिमेश्वर प्रसुन कंडेल माध्यमिक विद्यालय, विष्णुज्योति माध्यमिक विद्यालय, खाडाँदेवी माध्यमिक विद्यालयमा नर्स छैनन् ।

ललितपुरको बागमती गाउँपालिकाको शारदा शिक्षा सदन माध्यमिक विद्यालय, सिन्धुपाल्चोकको जुगल गाउँपालिकाको कालि देवी माध्यमिक विद्यालय, रामेश्वर माध्यमिक विद्यालय, भीमसेन माध्यमिक विद्यालय, पाँचपोखरी थाङपाल गाउँपालिकाको क्षेत्रपलेश्वरी माध्यमिक विद्यालयमा नर्स पद रहे पनि नर्स छैनन् ।

यसैगरी, लांगर्चे माध्यमिक विद्यालय, थाङपालधाप माध्यमिक विद्यालय, भोटेकोशी गाउँ पालिकाको भिर्पु माध्यमिक विद्यालय, बाह्रबिसे नगर पालिकाको क्षमावती माध्यमिक विद्यालय, हेलम्बु गाउँपालिकाको पाल्चोक माध्यमिक विद्यालय, लिसंखुपाखर गाउँपालिकाको सम्पदा माध्यमिक विद्यालय जेठाल, निगाले माध्यमिक विद्यालय, धर्मोदय माध्यमिक विद्यालय तुलो धादिङमा नर्स पद रहे पनि नर्स छैनन् ।

आजको आवश्यकता...

गणतन्त्रको विकल्प भन्ने राम्रो गणतन्त्र मात्र हो । नभुलौं, मैदान रहे मात्र फुटबल खेल्न सकिन्छ

संविधानसभाको कार्यकाल १ वर्ष बढाइयो । २० माघ २०६८ मा पुनः झलनाथ खनाल प्रधानमन्त्री बने तर टिक्न सकेनन् । ११ भदौ २०६८ मा डा. बाबुराम भट्टराई प्रधानमन्त्री बने । प्रधानमन्त्री धेरै बने, संविधान बन्न सकेन । ९ मंसिर २०६८ मा सर्वोच्च अदालतबाट १४ जेठ २०६९ भन्दा पछि संविधानसभाको म्याद बढाउन नमिल्ने गरी आदेश भयो । संविधानसभाले मृत्युवरण गर्न पुग्यो ।

प्रधानमन्त्री डा. भट्टराईले मंसिरमा अर्को संविधानसभाको चुनावका लागि गरेको प्रस्तावको विरोध भयो । १ चैतमा प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा मन्त्रिमण्डल बन्यो । मोहन वैद्य समूह चुनावको विपक्षमा गयो । ४ मंसिर २०७० का दिन दोस्रो संविधानसभाको चुनाव भयो । १ करोड ३१ लाख ४७ हजार ८ सय ६५ मतदातामध्ये ६८ दशमलव ६४ प्रतिशत मतदाताले मतदान गरे । २७ माघमा नेपाली कांग्रेसका सभापति सुशील कोइराला प्रधानमन्त्री बने ।

१४ चैत २०७० मा बसेको दोस्रो संविधानसभाको पहिलो बैठकबाट पहिलो संविधानसभाले यसअघि गरेका कामको स्वामित्व लिने निर्णय गर्‍यो । संविधान निर्माण हेतु यो निर्णय निकै उपयोगी साबित भयो ।

दलहरुबीच द्वन्द्व बढ्यो । १३ वैशाख २०७३ मा भूकम्प गर्‍यो । फेरि दलहरुलाई एकजुट भई संविधान निर्माण गरी जारी गर्न यो भूकम्प वरदान साबित भयो । ३५ जेठमा प्रमुख दलबीच १६ बुँदे सहमति बन्यो । संविधान निर्माणको आधार तयार भयो ।

दोस्रो संविधान सभाले ३ असोज २०७२ का दिन संविधान जारी गर्‍यो । यो नै नेपालको इतिहासमा सार्वभौम जनताले बनाएको पहिलो संविधान थियो । ३५ भाग ३०८ धारा ९ अनुसूची रहेको यस संविधानको पक्षमा संविधानसभामा रहेका ६ सय १ सदस्यमध्ये ५ सय ७ को मतदान, ३५ जना सभासद्को विपक्षमा मतदान, संविधानको मूलप्रतिमा हस्ताक्षर गर्ने सभासद् ५ सय ३७ जना र संविधानको प्रक्रियामा बहिष्कार गर्ने सभासद् ५७ जना रहेका थिए । यो संविधानले गणतन्त्रलाई थप बलियो र संस्थागत गर्‍यो ।

जालझेल नहोस्

हाम्रा लागि समावेशीसहितको संघीय गणतान्त्रिक व्यवस्थाको अभ्यास नयाँ हो । संविधानमा व्यवस्था गरिएअनुरुप नयाँ कानुनहरुको निर्माण, प्रशासनिक पुनःसंरचना तथा संघीयताको अभ्यासमा धेरै समय लाग्नु स्वाभाविक नै थियो । यसबीचमा नेपाली जनताका अपेक्षा धेरै नै थिए तर राजनीतिक एवं सत्ता नेतृत्वको कार्यशैली परम्परित नै देखिँदा जनतामा निराशा छाएको देखिन्छ । जनताका नाममा गरिने राजनीति र शपथ खाने पात्रहरुको चरित्र विगतभन्दा फरक देखिँदैन ।

खासगरी २०७४ सालको निर्वाचनले नेपाल कम्युनिस्ट पार्टीको नाममा झन्डै दुईतिहाइको बहुमत दिएको थियो । नेकपाको सरकार बने पनि आन्तरिक कलहकै कारण सरकार टिक्न नसकेको हो । विगतमा सत्तारुढ दलमित्रको आन्तरिक कलह राष्ट्रिय राजनीतिमा छताछुल्ल पोखिदा जनतामा निराशा छाएकै हो ।

सरकारका लागि समीकरण भत्काउने र बनाउने गर्दा सरकार को स्थायित्वमाथि प्रश्न खडा भएकै हो । प्रदेश सभाहरु पनि जनताको आकांक्षाअनुरुप चल्न नसकेका गुनासाहरु सुनिँदै आएका छन् । सरकार बनाउने, बदल्ने र यसका लागि सांसदले राजनीतिक अनुशासन तोडेका अनेकानेक दृष्टान्त देखिएका छन् ।

यिनै कारणले गणतन्त्रमाथि धावा बोल्नेहरुको आत्मबल बढेको छ । गणतन्त्रका विपक्षीको मनोबल बढाइरहेको छ । १६ वर्षे कलिलो वयमा गणतन्त्र अफाफसिद्ध बनाउन खोज्नेहरुका लागि थप बल मिलेको छ । याद रहोस् जतिसुकै राम्रो व्यवस्था पनि दक्ष सञ्चालकको हातमा पर्‍यो भने खराब परिणति दिन्छ र जतिसुकै नराम्रो भनिएको व्यवस्था पनि कुशाग्र सञ्चालक परेको खण्डमा राम्रो परिणाम दिन्छ । उही कैंची मूर्खका हातमा पर्दा मान्छे मार्छ भने चिकित्सकका हातमा पर्दा मान्छे बचाउँछ ।

व्यवस्था आफैंमा केही होइन । यसका सञ्चालक महत्वपूर्ण हुन् । यसर्थ वर्तमानमा देखिएका राजनीतिक परिदृश्यले गणतन्त्रमाथि नै खतरा आउन सक्छ । संघीयतामाथि नै प्रश्न खडा हुन सक्छ । व्यवस्थाका सारथिहरु र खासगरी संघीय गणतन्त्रका पक्षधर व्यवस्था जोगाउन लाग्नुपर्ने देखिन्छ ।

व्यवस्था रह्यो भने मात्र सबैको राजनीतिक भविष्य सुनिश्चित हुने हो । गणतन्त्रको विकल्प भन्ने राम्रो गणतन्त्र मात्र हो । नभुलौं, मैदान रहे मात्र फुटबल खेल्न सकिन्छ । यसका लागि गणतन्त्रवादीहरुबीचका दलीय एकता आजको आवश्यकता हो । जसरी विगतमा सबै दल मिलेर गणतन्त्र र संविधान स्थापित गरे, आज तिनै दलहरु मिलेर यसको रक्षा गर्न जरूरी छ ।

२०८१ चैत्र १६ गते राजधानी दैनिकमा प्रकाशित

मकवानपुर चट्याङको उच्च जोखिममा दुईसय ५० बढीको ज्यान लियो

○ सहीखबर संवाददाता

हेटौंडा। सुरुखा मौसममा चट्यानको अधिक संभावना हुन्छ ।

चट्यान परेपछि तत्काल सुरक्षाको उपाय पनि हुदैन, त्यसैले यसको पूर्वतयारी नै प्रभावकारी हुन्छ । जिल्ला दैवीप्रकोप उद्धार समिति मकवानपुरका अनुसार मकवानपुर जिल्ला चट्याङको उच्च जोखिममा रहेको छ । जिल्लामा तूला जलविद्युत् आयोजना स्थलपरि सरमा शक्तिशाली अर्थिङ गरिएको, हेटौंडा औद्योगिक क्षेत्रलाई चट्याङको जोखिमबाट विद्युतीय तरिकाले सुर क्षित गरिएको भए पनि चुम्बकीय शक्तियुक्त खनिज पदार्थहरूको प्रशस्त सञ्चिती रहेकाले उक्त क्षेत्रमा चट्याङको सम्भावना बढेको औंल्याइएको छ ।

विशेश गरी मकवानपुरको बागमती गाउँपालिकाको पूर्वी फापरबारी क्षेत्रलाई प्राकृतिक प्रकोपको आधारमा उच्च जोखिममा राखिएको छ। पटकपटक घटनाहरू दोहोरिनुमा विशेष कारण हुनसक्ने भन्दै समितिले पहिचानको क्रम जारी रहेको बताएको छ। यसअघि नेपाल विद्युत् प्राधिकरण हेटौंडा शाखाको सहयोगमा फापरबारीमा अर्थिङ गरिने बताइए पनि हालसम्म काम भएको छैन ।

अर्थिङका लागि आवश्यक तामा विद्युत् प्राधिकरणले व्यवस्था गर्ने भनिएको थियो । कोइला तथा अर्थिङको लागि आवश्यक खाल्डो खन्न स्थानीयसंग सहयोग माग गरिएको भए पनि स्थानीय र प्राधिकरणबीच समन्वय अभावमा सुरक्षार्थ अर्थिङ कार्य भएको छैन । कोइलाको परिणाम धेरै चाहिने भएकाले स्थानीयले त्यसको व्यवस्थापन गर्न नसक्ने बताएपछि अर्थिङ जडान हुन सकेको छैन ।

गैससहरूको सहयोग प्राप्त भएमा गाविसबासी सुरक्षित हुने प्रशासनले बताएको छ । समितिका अनुसार फापरबारी क्षेत्रमा मात्र अनुमानित ५० घर तथा तीनसय जना चट्याङको जोखिममा छन् ।

चुम्बकीय शक्तियुक्त प्रशस्त खनिज पदार्थ तथा खानीहरूका कारण परेको चट्याङले हालसम्म मकवानपुरमा पछिल्लो ४ वर्षयता दुईसय ५० बढीको ज्यान लिइसकेको प्रहरीको तथ्याङ्क छ । विगत चार दशकयताको चट्याङका घटना र त्यसबाट भएका क्षतिको विवरण सार्वजनिक गरिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाअनुसार ५० वटा घटनामा परी उनीहरूको ज्यान गएको हो ।

घटनामा १० जना घाइते भएका थिए । चट्याङबाट करिब दुई सय घर प्रभावित छन् । ३७ घर चट्याङले पूर्णरूपमा क्षति गराउनुका साथै १ सय १५ चौपाया मरेका छन् । चौपायाको मात्र करिब आठ लाख बराबर क्षति भएको योजना प्रतिवेदनमा उल्लेख छ ।

मकवानपुर चुरे पहाड र महाभारत पहाडको काखमा रहेको, कुलेखानी जलविद्युत् आयोजना, शक्तिशाली अर्थिङ गरिएका उद्योगहरूसमेत रहेकाले मकवानपुर लाई चट्याङको जोखिमयुक्त जिल्लाको रूपमा हेरिएको छ । चट्याङको सबभन्दा बढी प्रभाव फागुनदेखि साउनसम्म देखिने भएकाले उक्त अवस्थालाई विचार गरेर जिल्ला दैवीप्रकोप उद्धार समितिले सन् २०१३ मा विस्तृत कार्ययोजना बनाएको थियो ।

कार्ययोजनाअनुसार उद्धार तथा आगलागी निभाउन खोज, फायर ब्रिगेडिएर टोली परिचालन, चट्याङ बारे अध्ययन गरी रोकथामका लागि वैज्ञानिक पद्धति अबलम्बन, पीडितलाई सुरक्षित स्थानमा राखी सहयोग पुर्‍याउने, अर्थिङको व्यवस्था गरी समुदायलाई सुरक्षित बनाउने र चट्याङ प्रभावितलाई अस्पतालमा छुट्टै वार्डको व्यवस्था गर्नेलगायत उल्लेख गरिएको थियो ।

वर्षायाम र बादल लागेका बेला सजग रहन तथा विद्युतीय सामग्रीबाट ढाढा रहन सूचना सामग्री तयार गरी नागरिकलाई सूचित गरिने भनिए पनि त्यसो हुन सकेको छैन । मकवानपुरमा घटेका ३१ प्रकारका प्रकोपमध्ये चट्याङलाई दैवीप्रकोप उद्धार समितिले पाचौं नम्बरमा स्तरीकरण गरेको छ ।

मकवानपुरको कैलाश,राक्सिर ङ र बागमती गाउँपालिका चट्याङको बढी जोखिम क्षेत्र हुन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार चालु आर्थिक वर्षमा चट्याङ लागेर ६ जनाको मृत्यु भइसकेको छ । गत आर्थिक वर्षमा चट्याङ लागेर एक जनाको मृत्यु र ४ जना घाइते भएका थिए । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक श्यामु अर्यालका गत आर्थिक वर्षमै एउटा चौपाया मरेको थियो भने एउटा गोठमा आगलागी भएर क्षति भएको थियो ।

चालु आर्थिक वर्षको साउनयता ६ जना घाइते भएको र एउटा चौपाया मरेको छ । खेतमा काम गर्दागर्दै, घरमा बसेको ठाउँमा पनि चट्याङ लागेर मृत्यु हुने सक्ने अर्यालले बताए ।

जलवायु परिवर्तनले गर्दा चट्याङ पर्ने र यसको क्षति तथा जोखिम पनि बढ्दै गएको छ । चट्याङबाट हुने क्षति कम गर्न घरमा अर्थिङ गर्नुपर्छ । यसले चट्याङ पर्दा निरुकेको करेन्ट र घरको विद्युत् करेन्टलाई जोडिन दिदैन र करेन्टप्रवाह रोक्छ ।

कसरी जोगिने ?

चट्याङका कारण ठूलो जनधन क्षति हुने गरे पनि सम्बद्ध निकायको बेवास्ता र जनचेतना अभावका कारण जोखिम कम गर्न सकिएको छैन । तर, यस्ता केही सावधानी र उपाय अवलम्बन गरे चट्याङबाट हुने क्षतिबाट जोगिन सकिन्छ । चट्याङप्रतिरोधी घर निर्माणमा घर माथि तामाको त्रिशुल वा रड राखेर त्यसलाई जीआई पाताले जोडेर घर मुनि माटोमा लगेर गाड्ने र त्यहाँ त्यसलाई तामाको पाताले जोड्ने, चट्याङ परेको समयमा अग्लो ठाउँ वा अग्ला ठाडा नजिक नबस्ने गर्नुपर्छ ।

यसैगरी अग्ला रूखमुनि ओत नलाग्ने, धातुको तारबार नजिक नबस्ने, समथर र खुला ठाउँमा नबस्ने, भूमि र बादलको दुरी कम भइरहने पहाडी भुभागमा सतर्क रहने, चट्याङ पर्ने बेला विद्युतीय सामग्री र तार जडित टेलिफोन प्रयोग नगर्ने र छत नभएको सवारी साधनमा भए तुरून्त सुरक्षित स्थानमा जाने । सावधानी अपनाउदा चट्याङबाट हुने क्षति कम गर्न सकिन्छ ।

भ्रमण बस बकैयाको चिसापानी बजारमा दुर्घटना

१४ जना घाइते

○ सहीखबर संवाददाता

मकवानपुर । भ्रमणबाट फर्कदै गरेको बस मकवानपुरको बकैया गाउँपालिका ३ चिसापानी बजारक्षेत्रमा दुर्घटना हुँदा १४ जना घाइते भएका छन् ।

प्रहरी चौकी हात्तिसुडे मकवानपुरका अनुसार बुधबार राति ९:३० बजेको समयमा यात्रुबाहक बस दुर्घटना भएको थियो । मकवानपुर जिल्लाको बकैया गाउँपालिका ३ चिसापानीबजार स्थित धरान चतरा सडकखण्डमा सिन्धुलीबाट हेटौडा तर्फ आउदै गरेको बा.प्र.०६-००१ ख ०२७० नं. बस दुर्घटना भएको हो ।

बसमा मकवानपुरको भिमफेदी गाउँपालिका कृषी तथा पशु शाखा भिमफेदी अगुवा कृषकहरू भ्रमणमा थिए । बस घुम्तिमा अचानक दुर्घटना भएपछि चालक फरार रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनापछि घाइते भएका मकवानपुर भिमफेदी गा.पा. ३ बुल्मिङ बस्ने बर्ष ४६ का श्रीराम बज्यु बाँया हात, शरिरको बिभिन्न भागमा गम्भिर चोट, भिमफेदी गाउँपालिका ५ ज्यामिरे बस्ने बर्ष ५५ की रिता कुमारी मगर ठाउको, बाँया हात, शरिरको विभिन्न भागमा गम्भिर चोट हेटौडा अस्पतालमा सामान्य उपचारपछि राति ११ बजे भरतपुर स्थित पुरानो मेडिकल कलेज भरतपुरमा पुर्‍याइएको छ ।

यसैगरी चितवन राप्ति नगरपालिका ३ गडौली बस्ने वर्ष ३९ को पशुको डा. सरोज ओझा बायाँ आँखामा मध्यम चोट र उनकी श्रीमती वर्ष ३८ की रेश्मा सुवेदी बाँया हातमा मिश्री चोट लागेकोले दुबैजना उपचारार्थ चितवन लगिएको छ । यसैगरी भिमफेदी ३ निगाले बस्ने वर्ष ४५ का दिलिप राज बुलन बाँया हात र पेटमा मिश्री चोट लागेको छ । भिमफेदी ५ सुपिङ बस्ने वर्ष ५१ का यदुनाथ पुडासैनी बाँया हातमा मिश्री चोट लागेको छ ।मकवानपुर गढि गाउँपालिका ३ मत्रान्चुली बस्ने वर्ष ४३ को नारायण प्रसाद शर्मा बाँया आँखाको डिलमा बाहिरी, बाँया हातमा मिश्री चोट लागेको छ । भने हेटौडा उमनपा ११ थानाभ्याङ बस्ने वर्ष ३९ को उज्वल राना मगर शरिरको बाँया साईडमा मिश्री चोट अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

यसैगरी मकवानपुर भीमफेदी ६ टारगाँउ बस्ने वर्ष ४५ की सुमित्रा लामा (भिमफेदी गाउँपालिकको कार्यपालिक सदस्य) शरीरको विभिन्न भागमा गम्भिर चोट रहेकोले राती ११ बजे नयाँ मेडिकल कलेज भरतपुर रिफर गरिएको छ। भिमफेदी ६ बस्ने वर्ष ५५ की सानी आलेको ठाउकोमा मिश्री चोट, दुबै हात र खुट्टामा गम्भिर चोट लागेकोले राती नै नयाँ मेडिकल कलेज भरतपुर रिफर गरिएको छ । यसैगरी भिमफेदी ९ भदौरे बस्ने वर्ष ३३ का सुदिप पराजुली दाहिने हात र ठाउकोमा सामान्य चोट लागेका प्रहरीले जनाएको छ भने भिमफेदी ३ चौकीडाँडा बस्ने वर्ष ३७ को सुयास पाख्रिनको बाँया कुम र ठाउकोमा सामान्य, भिमफेदी ९ भिरघारी बस्ने बर्ष ३७ को शुभाष रूम्बाको बाँया कुममा गहिरो चोट, भिरघारी बस्ने वर्ष ५३ को हितचन्द्र मोत्तानको बाँया हातमा सामान्य चोट,भिमफेदी ३ को वडा अध्यक्ष वर्ष ४९ को कासीराम बज्यु ठाउको र बाँया हातमा चोट, भिमफेदी ५ अकोटे बस्ने वर्ष २५ को अनिल स्याङबो ठाउको र बाँया हातमा गम्भिर चोट भएकोले नयाँ मेडिकल कलेज भरतपुर चितवन रिफर गरिएको छ। अन्य १४ जनाको प्राथमिक स्वास्थ्य केन्द्र बकैया क्लिनिकमा उपचार भइरहेको छ ।

पानीको स्रोत संरक्षण गर्न

☞ डढेलोबाट वन जोगाऔं,
☞ सिमसार क्षेत्रको संरक्षण गरौं ।
☞ घर/भवन निर्माण गर्दा खुल्ला क्षेत्रको पयाप्त व्यस्थापन गरौ, पानीको स्रोत रिचार्ज हुने वातावरण सिर्जना गरौं ।
☞ अनावश्यक रुपमा पानी खेला नफालौं ।
☞ पानीको पाइपहरु फुटेर पानी खेर गइरहेको देखेका त्यसको उचित बन्दोबस्त गरौं/सम्बन्धित निकायमा खबर गरौं ।

पानीको स्रोत संरक्षणको लागि हातेमालो गर्न स्थानीय तह, सरकारी तथा गैह्रसरकारी निकाय, जलाधार संरक्षण समूह, संघसंस्था सबैप्रति हेटौंडा खानेपानी व्यस्थापन बोर्ड हार्दिक अनुरोध गर्दछ ।

**डिभिजन खानेपानी कार्यालय,
मकवानपुर हेटौंडा**

व्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔं ।

☞ नियमित स्वास्थ्य परीक्षण गराऔं,
☞ सन्तुलित पोषणयुक्त आहार सेवन गरौं,
☞ नियमित शारीरिक परिश्रम गरौं,
☞ दैनिक रुपमा निद्रा पुग्नेगरी सुतौं,
☞ ध्यान, योग, व्यायामजस्ता गतिविधिमा संलग्न होऔं,
☞ व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड